गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय, स्याङ्जा

सूचना नं.: २/२०८३/८४

## अनुदान कार्यक्रमका लागि आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित सूचनाः मिति २०८३/०५/११)**

कृषि विकास कार्यालय, स्याङ्जाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्न ईच्छुक स्याङ्जा जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले सूचना प्रकाशन भएको **मितिले ३० दिन भित्र (२०८३/०६/०९ गतेसम्म)** तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव भरी तपसिल बमोजिमका आवश्यक कागजातहरु समेत संलग्न गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, आवेदनका लागि आवश्यक कागजात र फारमहरु Scanned Documents सहित कृषि विकास कार्यालय, स्याङ्जाको आधिकारिक इमेल akcsyangja@gmail.com मा समेत पठाउन सकिनेछ।

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत बढीमा | कार्यक्रमको लक्ष्य | बजेट (रु.लाख) | छनौटका न्यूनतम आधार (अनुसरण गर्नुपर्ने मापदण्ड) |
|---|---|---|---|---|---|
| १ | फलफूल बगैंचा सुदृढीकरण तथा क्षेत्र विस्तार कार्यक्रम | ५०-९० % | ३ पटक | ७५ | कृषक, कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। फलफूल विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| २ | व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम | ५० % | १ पटक | ३९ | कृषि फर्म/कम्पनी मार्फत खुल्ला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १४० वर्ग मि. क्षेत्रफलमा र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई खुल्ला जमिनमा १० रोपनी वा संरक्षित संरचनाभित्र १००० वर्ग मि. क्षेत्रफलमा खेती गर्नुपर्नेछ। व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| ३ | खाद्यान्नबाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० % | ४० हे. | ४४ | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई एकमुष्ठ कम्तीमा १०० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा खेती गर्नुपर्नेछ। (खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ४ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-७५ % | ६ हे. | ९ | खाद्यान्नबाली, तरकारी बाली, आलु, तेलहन र दलहन बालीको कलष्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। (बीउ उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ५ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | ५०-९० % | २ पटक | १० | कृषक समूह/सहकारीको हकमा कम्तीमा ७ घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीका साथै संलग्न प्रत्येक घरधुरीले कम्तीमा २ रोपनीमा खेती गर्नुपर्नेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै कलष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ६ | सामुदायिक बीउ बैंक/रैथाने बाली सम्बन्धी कार्यक्रम | ९० % | १ पटक | ५ | यो कार्यक्रम कृषक समूह तथा कृषि सहकारीको साझेदारीमा सञ्चालन गरिनेछ। विगतमा स्थापना भएका सामुदायिक बीउ बैंक संचालक संस्थाले सुदृढीकरणका लागि आवेदन पेस गर्न सक्नेछन्। (सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७) |
| ७ | कृषि उद्यम प्रवर्द्धन कार्यक्रम | ५० % | १ पटक | २० | कृषि उपजको ग्रेडिङ, लेबलिङ, प्याकिङ तथा प्रशोधन सम्बन्धी कार्यका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ८ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | ५०-९० % | १ पटक | ४० | कफी, अलैंची, चिया, मह, अदुवा, बेसार, अकबरे खुर्सानी आदि उत्पादन तथा बजारीकरणका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (निर्यातयोग्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु उत्पादन प्रवर्धन कार्यक्रम | ५०-९०% | ५४ हे. | ७०.२ | कार्यक्रम सञ्चालनका लागि कृषि फर्म/कृषि कम्पनीको हकमा कम्तीमा २० रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीको कलष्टरका साथै समूह/सहकारीमा संलग्न प्रत्येक कृषकले कम्तीमा १ रोपनीमा खेती गर्ने क्षेत्रफल कायम गर्नुपर्नेछ। (आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १० | लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | ५०-९०% | १ पटक | १० | कालीगण्डकी कोरिडोरसँग जोडिएका स्थानीय तह (कालीगण्डकी गा.पा., गल्याङ र चापाकोट न.पा.) का कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ (संशोधनसहित) |
| ११ | फलफूल नर्सरी स्थापना तथा सुदृढीकरण | ५०% | १ पटक | १० | कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। फलफूल, तरकारी तथा नगदेबाली बिरुवा नर्सरी/स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| **नोट: कार्यक्रम संचालन सम्बन्धी मापदण्डहरु संशोधन भएमा सोही बमोजिम आवेदक छनौट तथा द्विपक्षीय सम्झौता र कार्यक्रम कार्यान्वयन गरिनेछ।** | | | | | |

**<u>पेस गर्नुपर्ने आवश्यक कागजातहरु:</u>**

- तोकिएको ढाँचामा स्पष्ट रुपले भरिएको प्रस्तावना फारम। (प्रस्तावना फारम QR स्क्यान गरी सिधै डाउनलोड गर्न सक्नुहुनेछ)।
- कृषि फर्म/कम्पनी/कृषक समूह वा कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र तथा प्यानको प्रतिलिपि, नवीकरण प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि।
- कृषक समूह वा कृषि सहकारी संस्थाको हकमा कार्यक्रममा आवेदन पेस गर्ने सम्बन्धी निर्णय प्रतिलिपि।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए मापदण्डमा उल्लेख भए अनुसार समायावधी भएको जग्गा करारनामा सम्झौता प्रतिलिपि।

**पुनश्च: उल्लेखित कार्यक्रमहरुको बजेट सीमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ (तेस्रो संशोधनसहित) र कार्यक्रम संचालन सम्बन्धी संशोधित मापदण्डहरुमा भएका व्यवस्था अनुसार सञ्चालन हुनेछ। साथै, उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदकहरु उपर कुनै प्रक्रिया अघि बढाइने छैन्। (मापदण्डहरु मन्त्रालयको वेवसाइड molmac.gandaki.gov.np मा गई डाउनलोड गरी हेर्न सक्नुहुनेछ)**


**Website**: www.syangja.ado.gov.np

**इमेल**: akcsyangja@gmail.com

**सम्पर्क नम्बर**: ०६३-४२४१३०, ०६३-४२५१९९, ९८५६०५५२७६ (कार्यालय प्रमुख), ९८५६०५४०८५ (सूचना अधिकारी)


..........................

**प्रकाश बस्ताकोटी**
**बरिष्ठ कृषि विकास अधिकृत**